१९

# पश्चाताप

हामीले कहिलेकाँही हामी परेको परिस्थितिलाई हाम्रो आत्मिक मूल्य निर्धारण गर्ने अनुमती दिन्छौं । धनी मानिस र लाजरसको लूका १६ माभएको एउटा कहिल्यै नभुलिने दृष्यले, यो कसरी सत्य हुन्छ भन्ने कुरा गर्दछ । त्यो धनी मानिसले यो जीवनमा अरुहरूकोबारेमा कुनै विचारै गर्दैनथ्यो र उसको आत्मिक आवश्यकताबारेमा पनि उसँग कुनै विचारैभएको देखिदैन । उसका चिन्ताहरू उसको आफ्नो स्वार्थी चाहनाहरू र लक्ष्यहरूको सानो संसारमा सिमित थिए । उसले जे गरेको थियो त्यस परिणामको सामना गर्न उ मृत्युपछि अनन्तमा पुग्यो । उ ऐसो आरामबाट कठोर कष्टमा "नर्क" भनिने आत्मिक संसारमा गयो (लूका १६:२३) ।

मृत्युपछि, उसका प्राथमिकताहरू पूर्णरुपमा परिवर्तन भए । अरु सबै इच्छाहरू विलाएर गए । उ दुईटा महत्वपूर्ण विचारले घेरियोः पहिलो, उ आफ्नो आत्माबारेमा चिन्तित भयो (संभवत पहिलो पल्ट) । उसले दयाको निम्ति, अनुग्रहको निम्ति याचना गऱ्यो । येशूले भन्नुभएको छ "अनि उसले कराएर भन्यो, 'हे पिता अब्राहम, म माथि दया गरेर लाजरसलाई पठाइदिनुहोस्, र त्यसले आफ्नो औंलाको टुप्पा पानीमा चोपेर मेरो जिब्रोलाई शीतल पारिदियोस्, किनकि म यस ज्वालामा भयाङ्कर वेदना पाइरहेछु'" (लूका १६:२४) ।

दोस्रो, उसले आफ्ना भाइहरूको आत्मिक अवस्थाको निम्ति चिन्ताको स्वर निकाल्यो । उसले आफ्ना भाइहरूको निम्ति आत्मिक प्रेम व्यक्त गरेको संभवत यो उसको जीवनमा पहिलो पल्ट थियो होला । एउटा छोटो समयको कष्टले उसलाई एउटा प्रचारकको हृदय दिएको थियो । उसले अनुरोध गर्दै भन्यो,

> पिता, यसैकारण म तपाईलाई बिन्ती गर्दछु, तपाईले त्यसलाई मेरो बाबुको घरमा पठाइदिनुहोस्, किनभने मेरा पाँच भाइ छन्, र त्यसले

तिनीहरूलाई चेतावनी दिओस्, नत्रता तिनीहरू पनि यस कष्टको ठाउँमा आउलान् (लूका १६:२७, २८)।

जब उसलाई उसका भाइहरूले अरुहरू प्रत्येकले जस्तै व्यवस्था र अगमवक्ताहरूलाई पढ्नु पर्दछ भनेर भनियो, उसले भन्यो, "होइन पिता अब्राहम, मरेकाबाट कोही एक जना तिनीहरू कहाँ गयो भनेता तिनीहरूले पश्चाताप गर्नेछन्" (लूका १६:३०)। के "पश्चाताप" भन्ने शब्द उसबाट बोलिएको यो पहिलो पल्ट थिएन र ? मृत्युले उसको सोचलाई र उसको चाहनालाई परिवर्तन गरिदिएको थियो ! उसका भाईहरूलाई के आवश्यक छ भन्ने उसलाई थाहाभएको थियो-परिवर्तन गर्ने पश्चाताप !

समय र अनन्तले हामी सबैलाई जीवनको सबैभन्दा ठूलो विषय पश्चाताप हो भन्ने दोष लगाउनेछ ! यो बोधले हामीलाई कठोर प्रहार नगरेसम्म के हामी मृत्यु नै कुरेर बस्दैनौ र। येशूले भन्नुभएको छ, "म तिमीहरूलाई भन्दछु, त्यसो होइन, तर तिमीहरूले पश्चाताप गरेनौ भने तिमीहरू सबै त्यसरी नै नाश हुनेछौ" (लूका १३:३, ५)। पावलले एथेन्सका वासीहरूलाई गरेको घोषणासंगै पश्चातापको आज्ञाबारेको सबै अपवादहरूलाई पन्छाइदिएका छन्: "यस्तो अज्ञानताका समयलाई परमेश्वरले ध्यान दिनुभएन, तर अब प्रत्येक ठाँउमा सब मानिसहरूलाई पश्चाताप गर्ने आज्ञा दिनुहुन्छ" (प्रेरित १७:३०)। मानवजाति परमेश्वरकोअघि दुई मध्ये एउटा मार्गमा हिड्दछ: पश्चातापको मार्गमा अथवा विद्रोहको मार्गमा। परमेश्वरले एउटा कारणले येशू आउनुहुने कुरामा ढिलाइ गरिरहनुभएको छ–मानिसहरूलाई पश्चातापमा आउन बढी समय दिन: "आफ्नो प्रतिज्ञाकोबारेमा प्रभु ढीलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाइ भए तापनि उहाँ ढीलो गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चाताप गरुन् भन्ने इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान् हुनुहुन्छ" (२ पत्रुस ३:९)। प्रत्येक मानिसको अन्तिम नियती उसले पश्चाताप गर्छ वा गर्दैन भन्ने कुरामा निर्भर हुन्छ: "तर डरपोकहरू, अविश्वासीहरू, घिनलाग्दा भएकाहरू, हत्याराहरू, व्यभिचारीहरू, जादूगरहरू, मूर्तिपूजकहरू र झूठा बोल्नेहरू सबैको हिस्सा आगो र गन्धक दन्कने कुण्डमा हुनेछ। यो दोस्रो मृत्यु हो" (प्रकाश २१:८)।

मण्डली ती मानिसहरू मिलेर बनेको हुन्छ जसले नयाँ करारको

पश्चातापको आव्हानलाई उत्तर दिएका हुन्छन् । जसले प्रभुको नाउँ लिएका हुन्छन् र अधर्मबाट टाढा बस्दछन् तिनीहरू ख्रीष्टियान हुन् (२ तिमोथी २:१९) । ख्रीष्टमाभएको परिवर्तनद्वारा तिनीहरूले अन्धकारको राज्यबाट छुटकारा पाएका हुन्छन्, र परमेश्वरका पुत्रको राज्यमा सारिएका हुन्छन् (कलस्सी १:१३) । तिनीहरूले स्वयम्लाई परमेश्वरको आज्ञाकारी सन्तानकोरुपमा जिउन समर्पित गरेका हुन्छन्,अघिल्लो वासना जसमा तिनीहरूले अज्ञानतामा र अनाज्ञाकारितामा जीवन विताएका थिए त्यसमा फर्कन इन्कार गर्दछन् (१ पत्रुस १:१४) । तिनीहरूको चाहना तिनीहरूलाई बोलाउनु हुने जस्तै हुने हुन्छ । तिनीहरूका सबै बानी व्यहोरामा तिनीहरू उहाँको नक्कल गर्न प्रयत्न गर्दछन् तिनीहरूका प्रभुको इच्छा तिनीहरूका व्यवहारमा स्वीकार गर्दछन्: "तिमीहरू पवित्र होओ किनभने म पवित्र छु" (१ पत्रुस १:१६) ।

पश्चाताप, त्यसैकारण, कुनैपनि ख्रीष्टियान हुन, प्रभुको मण्डलीको सदस्य हुन खोजी रहेको व्यक्तिको निम्ति एउटा कुने-ढुङ्गो जस्तो शब्द र एउटा मुख्य प्रवृत्ति हो । मण्डलीको गुण यो शब्दको आधारभूत अर्थ र प्रयोगमा प्रतिबिम्बित हुँदछ । पश्चाताप त्यस प्रकारका मानिसहरू जसलाई परमेश्वरले उहाँको मण्डली भनेर बोलाउनु हुन्छ तिनीहरूको उपाधिकोरुपमा उभिएको हुन्छ: त्यो मण्डली पश्चातापीहरू मिलेर बनेको हुन्छ । जब पत्रुसले कर्निलियसको घरमा भएका अन्यजातिहरूको बप्तिष्माकोबारेमा यरुशलेममा भएका यहुदी ख्रीष्टियानहरूलाई वर्णन गरेका थिए त्यसबेला ती यहूदी भाइहरूले यसो भन्दै प्रतिकृया जनाएका थिए, "अब त परमेश्वरले अन्यजातिहरूलाई पनि जीवनको निम्ति पश्चाताप दिनुभएछ" (हेर्नुहोस् प्रेरित ११:१८) । यो कुरा तिनीहरूलाई स्पष्ट थियो, यो हामीलाई पनि स्पष्ट हुनुपर्दछ, कि साँचो पश्चातापले मात्र साँचो जीवनको ढोका खोल्दछ ।

पश्चाताप के हो ? आउनुहोस् हामी यो शब्दलाई अझबढी सुस्पष्टरुपमा प्रष्ट पारौं, जसले गर्दा यो के हो र यसको अर्थ के हो भन्नेमा कुनै गल्ती नहोस् । हामी शाऊलको परिवर्तनको पृष्ठभूमि यसलाई व्याख्या गर्न प्रयोग गर्नेछौ ।

## पापबाट फर्कनु

पहिलो, पश्चाताप भनेको पापबाट फर्कनु, दुष्टता सम्बन्धी मार्ग

परिवर्तन गर्नु हो ।

पश्चाताप व्यक्तिगत उन्नतिभन्दा अधिक, कसैको जीवनलाई राम्ररी नियन्त्रण गर्ने उपायभन्दा बढी हो । यो एउटा दृढ-निश्चय पूर्ण निर्णय, परमेश्वरसंग नमिल्ने सबै कुराहरूलाई त्याग्ने निर्णय हो । यो निर्णयले पूर्ण परिवर्तनलाई सहायता गर्दछ जसलाई येशूले नयाँ जन्म भन्नुभएको छ (यूहन्ना ३:३) ।

पश्चाताप भनेको मैले पाप गरेको छु भनेर कसैले गर्ने पछुतो मात्र होइन । कुनै व्यक्तिले पापले उसमाथि ल्याएको क्लेशले गर्दा अथवा उसको पापको कारणले उसले तिर्नु पर्ने दण्ड जरिमानाको कारणले गर्दा, पाप गरेकोमा उसले क्षमा माग्न पनि सक्दछ । येशूलाई धोखा दिएकोमा यहूदाले पछुतो गरेको थियो, तर उसले पश्चाताप गरेन (मत्ती २७:३) । पत्रुस, जसले ख्रीष्टलाई इन्कार गरेका थिए (मत्ती २६:३४, ६९-७५), पश्चाताप गरेका थिए, यहूदाले पछुतो मात्र गऱ्यो । कुनै व्यक्ति पाप गरे भनेर गहिरोरुपमा व्याकूल हुनसक्दछ, तापनि कहिल्यै पश्चाताप नगर्न सक्दछ ।

पश्चाताप भनेको पापको दोष मानिलिनु मात्र होइन। पेन्तिकोसको दिनमा पत्रुसले उनका कुरा सुनिरहेका यहूदीहरूको पाप देखाइदिएका थिए। उनका शब्दहरूले उनीहरूको हृदयलाई दोष कबुल गर्ने बनाएको थियो, र उनीहरू कराएका थिए, "ए भाई हो, हामीले के गर्ने ?" (प्रेरित २:३७) । त्यसो भए तापनि पत्रुसले उनीहरूको दोष मानिलिने कुरालाई पश्चाताप सम्झेनन्, किनभने उनीहरूको प्रश्न प्रति प्रतिकृया जनाउदै, उनले भनेका थिए, "पश्चाताप गर, र तिमीहरूका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिष्मा लेऊ र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ" (प्रेरित २:३८) ।

पश्चाताप ईश्वरीय शोक मात्र होइन । पापको निम्ति गरिएको ईश्वरीय शोकले पश्चातापतर्फ डोहोऱ्याउदछ र उत्पन्न गर्दछ, पावलले भनेअनुसार:

> किनभने ईश्वरीय शोकले मुक्तिको निम्ति पश्चाताप उत्पन्न गर्छ, र त्यसमा पछितो हुँदैन, तर सांसारिक शोकले भने मृत्यु उत्पन्न गर्छ (२ कोरिन्थी ७:१०) ।

ईश्वरीय शोक पश्चातापको प्रकृयाको एउटा अंग हो, तर यो आफै पश्चाताप भने होइन ।

पश्चातापलाई जीवनको सुधारकोरुपमा व्याख्या गर्न सकिदैन । त्यसको साटो यसले एउटा जीवनको सुधार उत्पन्न गर्दछ । यदि पश्चातापले एउटा जीवनको परिवर्तनलाई प्रभाव पारेन भने, त्यसो भए त्यो साँचो पश्चाताप होइन, तर सुधारिएको जीवन आफैमा पश्चाताप भने होइन । बप्तिष्मा दिने यूहन्नाले उनी कहाँ आउने मानिसहरूलाई अनुरोध गर्दै भनेका थिए, “यसकारण पश्चाताप सुहाउँदो फल फलाओ” (मत्ती ३:८) । वास्तविक पश्चातापले पश्चातापको फल, जीवनको परिवर्तन तर्फ डोहोऱ्याउँदछ ।

एक व्यक्तिले पापबारेको इच्छामा गर्ने दृढ परिवर्तनसंग पश्चातापको सम्बन्ध हुन्छ । यसमा बुद्धिमानी, संवेग र विवेक समावेश हुन्छन् । पापबारेको यो मनको परिवर्तन मानविय व्यक्तित्वमा यति प्रबल हुन्छ कि यसले एउटा व्यक्तिलाई जीवन पद्धति त्यागन सक्षम बनाउँदछ । बप्तिष्मामा, एउटा व्यक्ति आफ्नै आत्मिक मृत्युमा पापको निम्ति गाडिन्छ, पुरानो मनुष्त्वलाई क्रूसमा टाँगदछ, जसले गर्दा त्यो पापको शरीर नाशभएको होस् (रोमी ६:६) ।

यस अर्थको पश्चाताप शाऊलको परिवर्तनमा देख्न सकिन्छ । टार्ससका शाऊल एक फरिसी थिए, एउटा हिब्रूको पनि हिब्रू (फिलिप्पी ३:५) । मोशाको व्यवस्थाको सम्बन्धमा, उनी दोष रहित पाइएका थिए भनी उनले भनेका छन् (फिलिप्पी ३:६) । अर्को शब्दमा भन्ने हो भने, व्यवस्था पालन गर्न चुकेकोबारेमा उनको विरुद्धमा कुनै यथार्तपरक दोष लगाउन सकिएको थिएन । एउटा फरिसीकोरुपमा-यहूदीमतमा एउटा उच्चकोटीको यहूदीकोरुपमा-शाऊलले येशूलाई एक ठग र उहाँले यहूदीमतलाई नाश गर्ने इच्छा गर्नुभएको छ भन्ने विश्वास गरेका थिए । शाऊलले क्रोधकासाथ एउटा विनाशकारी खेदो सतावटले यी येशूको विरोध गर्नुपर्दछ भनी सोचेका थिए । कुनै शंका विना, उनले कुनै पनि व्यक्ति जसले येशूलाई पछ्याउँछ उसलाई शत्रु सम्झेका थिए । कठोर शक्ति र अत्यन्त दृढ निश्चयताका साथ, ख्रीष्टको मण्डलीलाई अन्त्य गर्न चाहेका थिए ।

जब उनी मण्डलीलाई सताउनको निम्ति निस्कन चाहे, शाऊलले प्रधान पूजाहारीको समर्थन मागे (प्रेरित ९:१, २) । जब उनले आफूले चाहेको अधिकार पाए, उनी आफ्नो योजना पूरा गर्न दमस्कस तर्फ लागे । जब उनी दमस्कसको यात्रा गर्दै थिए, मध्यान्हको समयको चर्को घाममा पनि प्रभु येशू चम्किलो ज्योतिमा उनी कहाँ देखा पर्नुभयो ।

प्रभुको उपस्थितिको ज्योतिले अन्धो भएर, शाऊल भूइँमा लडे । जब शाऊलले धर्ती हल्लने पत्यारका साथ उनीसँग बोल्नु हुने येशू ख्रीष्ट, परमेश्‍वरका पुत्र नै हुनुहुन्छ भन्ने थाहा पाए, उनले गम्भीर सन्ताप र पछुतोका साथ सोधे "हे प्रभु, अब म के गरुँ ?" (प्रेरित २२:१०) । उनलाई दमस्कस जान, जहाँ उनलाई के गर्नुपर्ने हो त्यो भनिने छ भनियो (प्रेरित ९:६) । जब उनी त्यहाँ पुगे, जबसम्म हननियाबाट उनी कहाँ जवाफ आएन उनी तीन दिनसम्म उपवास र प्रार्थना गर्दै बसेका थिए ।

शाऊलले पश्‍चाताप गरेका थिए । उनको जीवन जिउने तरिका परिवर्तन गर्नेबारेमा दृढ निश्‍चय गरेका थिए । उनको जीवन यहूदीमत र ख्रीष्टको मण्डलीलाई सताउन प्रति समर्पित थियो, जब उनले दमस्कसको बाटोमा पश्‍चाताप गरे, उनको जीवनले पूर्णरुपमा नयाँ बाटो लियो । उनी पूर्ण व्यक्तित्वलाई-विद्वता, संवेग र विवेकलाई प्रभाव पार्न सक्ने क्रान्तिकारी परिवर्तनको इच्छाका साथ उनको पुरानो जीवनबाट फर्केपछि, उनले भनेका छन्, "तर जति कुरा मेरो निम्ति लाभदायक थिए, ती त मैले ख्रीष्टको खातिर हानी नै ठानें" (फिलिप्पी ३:७) ।

ख्रीष्टियानहरू ती मानिसहरू हुन् जो, शाऊल जस्तै, पापबाट पश्‍चातापमा फर्केका हुन्छन् । परमेश्‍वरका जनहरूको जीवन पध्दति भनेको हरेक प्रकारको खराबीबाट अलग्गै बस्ने (१ थेसलोनिकी ५:२२), यस संसारको ढाँचामा चल्न इन्कार गर्ने (रोमी १२:२), खराबीलाई भलाइले जित्ने (रोमी १२:२१) र तिनीहरूको विरुद्धमा लागेको झूठो दोषलाई उत्तम व्यवहारहरूद्वारा चुप लाग्ने बनाउने जीवन हो (१ पत्रुस २:१२) ।

## पापबाट ख्रीष्ट तर्फ फर्कनु

दोस्रो, पश्‍चाताप भनेको ख्रीष्टतर्फ फर्कनु हो । यो दुष्टता प्रतिको नकारात्मक प्रतिकृया मात्र होइन, यो ख्रीष्ट तर्फको एउटा सकारात्मक प्रतिकृया पनि हो ।

पावलले थेसलोनिकीहरूलाई आज्ञा गरेका थिए किनभने तिनीहरूको पश्‍चातापमा तिनीहरू "जीवित र साँचो परमेश्‍वरको सेवा गर्न, मूर्तिहरूबाट परमेश्‍वरतर्फ फर्केका थिए" (१ थेसलोनिकी १:९) । यदि

कोही पापबाट फर्कन्छ तर परमेश्वरतर्फ फर्कँदैन भने, नयाँ करारमाभएको यो शब्दको पूर्ण अर्थमा उसले पश्चाताप गरेको हुँदैन ।

नयाँ करारले यसको प्रचारमा प्रमुखरुपमा खीष्टलाई उचालेको छ। फिलिपले सामरियामा गरेको प्रचारबारेको लूकाको विवरण नै सबै प्रेरणाप्राप्त मानिसहरूले गरेका प्रचारको उदाहरणको नमूना हो: "फिलिपचाहिँ सामरियाको एउटा शहरमा गएर तिनीहरूलाई खीष्ट प्रचार गरे" (प्रेरित ८:५) । जब मानिसहरूले यस प्रकारको प्रचार प्रति प्रतिकृया जनाउँदछन्, सुसमाचारको सन्देशको अधीनमा रहेर पापलाई त्यागदछन् र खीष्टलाई ग्रहण गर्दछन् । पावलले एफिससमा प्रचार गरिसकेपछि, दुवै पक्षको पश्चाताप देखापरेको थियो । लूका लेख्दछन्,

> अनि तिनीहरू सबैमाथि डर छायो, र प्रभू येशूको नाउँको प्रशंसा भयो । विश्वास गरेकाहरू धेरै जना आए, र तिनीहरूले गरेका आफ्ना-आफ्ना दुष्ट कामहरूको स्वीकार गरे र ती प्रकट गरे । तिनीहरूमध्ये धेरै जना, जस-जसले टुनामुना गर्थे, आफ्ना-आफ्ना पुस्तकहरू बटुलेर ल्याए र सबैका सामुन्ने जलाइदिए (प्रेरित १९:१७ ख-१९ क) ।

ती पश्चातापी एफिसीहरूले खीष्टलाई स्वीकार गरेका र तिनीहरूका पापमय कामहरूलाई त्यागेका थिए ।

शाऊलको पश्चाताप पापबाट फर्कनु र खीष्टतर्फ फर्कनु दुवै थियो । जब उनले दमस्कस तर्फ यात्रा गरेका थिए । उनी खीष्टियानहरूलाई सताउने आफ्नो मार्गमा थिए, मोशाको व्यवस्था अन्तर्गत जिउँदा, उनी नैतिक तथा धार्मिक अपराधहरूबाट स्वतन्त्र थिए। कुनै पनि अर्थमा उनी एउटा उडन्ता दुष्ट भने थिएनन्। उनको पश्चातापले, त्यसैकारण, परमेश्वरलाई खुसी पार्ने उनको भित्री चाहनामा कुनै प्रभाव पारेन, उनी यो चाहनाबाट आफ्नो युवा अवस्थाबाटै संचालित थिए र यो कुरा उनले विश्वासयोग्य भएर गरेको मोशाको व्यवस्था पालनमा प्रकटभएको थियो । तर उनले खीष्टियानहरूलाई सताएको, जे भए तापनि, एउटा भयानक पाप थियो। जसको फलस्वरुप, उनले परमेश्वरकोअघि गरेको पश्चातापको परिणामकोरुपमा आफ्नो पूर्व विश्वासलाई अस्वीकार गरे जसमा परमेश्वरको सेवा गर्नको निम्ति खीष्टयानहरूलाई सताउनु र खीष्टलाई

भर्त्सना गर्नु पर्ने हुन्थ्यो । यसमा उहाँलाई प्रभुकोरुपमा मानिलिएर र नम्रतापूर्वक झुकी उहाँको इच्छामा आफूलाई सुम्पेर ख्रीष्टतर्फ फर्कनु पनि आवश्यक पर्दथ्यो ।

पावल आफैले पनि उनको पश्चातापकोबारेमा फिलिप्पी ३ः८-११ मा वर्णन गरेका छन्ः

> ... साँच्चै भन्ने हो भने ख्रीष्ट येशू मेरो प्रभुलाई चिन्न पाउने अमूल्य कुराको तुलनामा सबै कुरालाई म हानि नै ठान्दछु । ख्रीष्टलाईप्राप्त गर्न सकूँ भनेर उहाँको निम्ति मैले सबै कुराको नोक्सानी भोगेको छु, अनि ती सबैलाई फोहोर-मैला तुल्य म गन्दछु, र सम्पूर्णरुपले म उहाँमाभएको पाइन सकूँ । व्यवस्थामाथि आधारितभएको मेरो आफ्नै धार्मिकता होइन, तर मेरो धार्मिकता यही हो, जो ख्रीष्टमाथि निर्भर हुन्छ, जुनचाहिँ विश्वासद्वारा परमेश्वरबाट आउने धार्मिकता हो । म उहाँलाई र उहाँको पुनरुत्थानको शक्ति जान्न सकूँ र उहाँको मृत्युमा उहाँ जस्तै भई उहाँका दुःखभोगमा सहभागी हुन सकूँ । सम्भव भए मरेकाहरूबाट म पुनरुत्थानप्राप्त गर्न सकूँ ।

त्यसैकारण, शाऊल पापबाट ख्री।ष्टतर्फ फर्के । उनको निम्ति पश्चाताप नकारात्मक र सकारात्मक दुवै कुरा थियो, उनको पूर्व जीवनको मार्गबाट फर्कनु र एउटा नयाँ र ख्रीष्टको उत्तम जीवनको मार्ग तर्फ फर्कनु पर्दथ्यो ।

मण्डली, पश्चातापी मानिसहरूभएको ख्रीष्टको शरीर, ख्रीष्ट प्रतिको समर्पणमा जिउँदछ । यसका सदस्यहरू ख्रीष्टसँग एकभएका हुन्छन् । पश्चातापद्वारा ख्रीष्टियान पवित्रता र धार्मिकताको जीवनमा प्रवेश गरेका हुन्छन् । उनी ख्रीष्टसँगै क्रूसमा टाँगिएका हुन्छन्, उनको नयाँ जीवनमा जुन पश्चातापको परिणाम हुन्छ, त्यसमा उनी परमेश्वरका पुत्रको विश्वासमा जिउँदछन् (गलाती २ः२०) । परमेश्वरमा पश्चातापी मानिसहरूकोरुपमा, ख्रीष्टियानहरूले ख्रीष्टको नाम धारण गरेका हुन्छन्, ख्रीष्टसँगको मिलापमा जीवन विताउँदछन्, ख्रीष्टलाई आराधनामा उचाल्दछन्, र उहाँको आगमन अथवा मृत्युमा अझ पूर्णरुपमा उहाँसँगै हुन पाउने छौं भन्ने जानेर धार्मिकतामा कायम रहन्छन् ।

## जीवनको निम्ति पापबाट ख्रीष्ट तर्फ फर्कनु

तेस्रो, पश्चाताप भनेको जीवनको निम्ति पापबाट ख्रीष्ट तर्फ फर्कनु हो । येशूले कसैलाई धार्मिक विश्राम लिनको निम्ति, दुष्टताबाट छोटो विराम लिनमात्र निमन्त्रणा गर्नु हुँदैन । उहाँले पूर्ण समर्पणको माग गर्नुहुन्छ, जसलाई उहाँले पानी र आत्माको जन्मकोरुपमा, माथिबाट आउने जन्मकोरुपमा उल्लेख गर्नुभएको छ (यूहन्ना ३:५) । यो परिवर्तन यति तात्विक र टिकाउ हुन्छ कि पावलले यसलाई आत्मिक खतनासँग, एउटा मासुको शरीरलाई परमेश्वरको कामहरूद्वारा पूर्णरुपमा हटाउने कुरासँग तुलना गरेका छन्:

> ख्रीष्टको खतनामा पापमय स्वभावको देहलाई त्यागेर हातविना गरिएको खतनाद्वारा उहाँमा तिमीहरूको खतनाभएको थियो (कलस्सी २:११) ।

पावलले परिवर्तनको अर्थ पुरानो मनुष्त्वलाई त्यागनु र नयाँलाई धारण गर्नु हो भनेका छन्, जसरी कसैले झूत्रो, मैलो, र च्यातिएको कपडाहरू फुकाल्दछ र तिनीहरूलाई कहिल्यै नलगाउने चाहना गरेर एकातिर मिल्काउँछ (एफिसी ४:२४, कलस्सी ३:१०) । परमेश्वरले हामीलाई पाप र मृत्युबाट निकाल्नु हुन्छ र जब हामीहरूले ख्रीष्टको रगतद्वारा उद्धार पाउँछौ हामीलाई ख्रीष्टमा जीवन दिनुहुन्छ (कलस्सी २:१३) ।

पश्चातापलाई अटुट समर्पण चाहिन्छ । परमेश्वर प्रतिको हाम्रो समर्पणमा, हामीले शरीरका कामहरूलाई मार्नु पर्दछ । अब उसो, ख्रीष्टियानकोरुपमा हामीहरूले गर्नुपर्ने काम भनेको ती कामहरूलाई फेरि बाहिर आउन नदिनु हुन्छ । पावलले भनेका छन्, “यसकारण तिमीहरूमा जो संसारिक स्वभावका कुराहरू छन् तिनलाई मारः व्यभिचार, अशुद्धता, कामुकता, खराब इच्छा, र लोभ, जो मूर्तिपूजा हो” (कलस्सी ३:५) । उनले यसो पनि भनेका छन्,

> तर अब तिमीहरूले यी सबै कुरा पनि त्यागः रीस, क्रोध, निन्दा, आफ्नो मुखबाट निस्कने फोहोर बोली एउटाले अर्कालाई नढाँट, किनकि पुरानो स्वभाव त्यसका चलनसमेत तिमीहरूले त्यागेका छौ (कलस्सी ३:८, ९) ।

पावलले एक समयमा, मृत्युको क्षणमा त्याग्ने कुराहरू र निरन्तर त्याग्नु पर्ने कुराहरू भनेको, एउटा लगातार चलिरहने पश्चाताप हो भनी लेखेका छन् ।

हामी यो पश्चतापको अर्थबारे अझ बढी स्पष्ट प्रकाश पार्नको निम्ति शाऊलको परिवर्तनभन्दा अरु कहाँ फर्कन सक्दछौ ? कसैले भनेका छन्, "हामीले एउटा पूर्णरुपमा परिवर्तनभएको मानिससँग परमेश्वरले के गर्न सक्नुहुन्छ भन्ने अहिलेसम्म देखेका छैनौ ।" यदि हामीले देखेका छैनौ भने, हामी शाऊलको जीवनमा यसको धेरै नजिक पुग्न सक्छौ । शाऊलको परिवर्तनको परिणाम स्वरुप यो संसारमा परेको प्रभावलाई दुई हजार वर्षसम्म महसुस गरिएको छ । ख्रीष्टलाई पछ्याउने उनको निर्णय अन्तिम र अटल थियो । ख्रीष्टले त्यसबाट गर्नु हुने सेवा र भलाईको निम्ति उनले उनको जीवन क्रूसको पाउँमा सुम्पेका थिए ।

जब एलेक्जेन्डर महान्ले एउटा ठूलो युद्धको निम्ति आफ्नो सेनालाई समुद्र किनारमा ओर्‍हाल्ने गर्थे, यसो भनिएको छ कि उनले ती जहाजहरू खाली गरिएपछि तिनमा आगो लगाउने आज्ञा दिने गर्थे । एलेक्जेन्डरलेपछि हट्ने सम्भावनालाई विचारै गर्दैनथे । उनी र उनका मानिसहरूको निम्ति पछाडी फर्कने कुरै हुन्थेन । उनीहरूको भविष्य हुन्थ्यो भने त्यो सोझै अगाडी हुन्थ्यो, पछाडी हुँदैनथ्यो । शाऊल पनि त्यस्तै थिए । त्यसैले उनले आफ्नो हृदयमा कुनै प्रकारको शंका अथवा पछाडी हट्ने कुनै संभावना नै छोडेनन् ।

परमेश्वरका जनहरू, मण्डलीले, एउटा निर्णय गरेका हुन्छन्–यो यति बलियो हुन्छ कि यसलाई एउटा रुपान्तरण, मृत्युबाट पारभएर जीवनमा सर्नु भनी सम्बोधन गर्न सकिन्छ (१ यूहन्ना ३:१४) । उनीहरूले ख्रीष्टमा जीवनको निम्ति नयाँ मनुष्त्वलाई धारण गरेका हुन्छन् । यो समयको एउटा विन्दुमा हुन्छ, जब उनीहरूको ख्रीष्टमारुपान्तरण हुदँछ, तर हृदय सफा गर्ने काम त तिनीहरूको निम्ति निरन्तरको जिम्मेवारी हुन्छ (रोमी ६:२) । पुरानो मानिस त मारिएको हुन्छ, तर यदि त्यसलाई पुनरुत्थानको मौका दिने हो भने त्यसले जीवित हुने प्रयास गर्दछ (रोमी ६:१२, १३) । ख्रीष्टियानहरू मुर्खतामा होइन, बुद्धिमानिमा हिड्नको निम्ति होशियार हुनै पर्दछ (एफिसी ५:१७) । उसले अन्धकारका निष्फल कार्यहरूमा भाग लिदैन, तर तिनीहरूलाई प्रकट गरिदिन्छ (एफिसी ५:११) । उ मरेको हुन्छ र उसको जीवन

परमेश्वरमा ख्रीष्टसँग लुकाइएको हुन्छ (कलस्सी ३:३) । ख्रीष्टियानले मृतकबाट जीवितभएको स्वरुपमा र शरीर धार्मिकताको निम्ति समर्पित गरिएको एउटा व्यक्तिकोरुपमा स्वयम्लाई परमेश्वरमा सुम्पेको हुन्छ (रोमी ६:१३) ।

## निष्कर्ष

परमेश्वरकोअघि लेखा दिनु पर्ने प्रत्येक व्यक्ति पश्चाताप गर्न र त्यो पश्चातापले मागेअनुसारको जीवन जिउन बाध्य हुन्छन् । पश्चाताप भनेको इच्छामा गरिने गहन परिवर्तन, जीवनको निम्ति पापबाट ख्रीष्टतर्फ फर्कनु हो । यसले पापको दोष मान्ने बनाउँछ, ईश्वरीय शोक, र परमेश्वरको भलोपन ल्याउँछ । यसको परिणाम स्वरुप रुपान्तरण हुन्छ, जसले एउटा नयाँ व्यक्ति जन्माउँदछ जो परमेश्वरमा ख्रीष्टसँग लुकाइएको हुन्छ ।

मण्डली नयाँ व्यक्तिहरूको समूदाय हो । उनीहरू सिद्ध त हुँदैनन् तर तिनीहरू पवित्रता, ईश्वरीयता, र धार्मिकतालाई पछ्याउँदछन् । उनीहरूको जीवनभरिको समर्पण भनेको प्रभुको सेवामा महिमाको भाँडो हुने हुन्छ ।

धर्मशास्त्रमा पश्चातापका निम्ति दिइएका तीनवटा प्रेरणाहरूलाई सजिलै चिन्न सकिन्छ । पहिलो, पावलले परमेश्वरको धार्मिकताले पश्चाताप तर्फ डोर्‍याउँछ भनेका छन्: "अथवा परमेश्वरको कृपाले तिमीलाई पश्चातापमा डोर्‍याउँछ भन्ने थाहा नपाएर, के तिमी उहाँको दया, सहनशीलता र धैर्यको प्रशस्ततालाई तुच्छ ठान्छौ ?" (रोमी २:४) । दोस्रो, पत्रुसले इनामको प्रतिज्ञालाई उल्लेख गरेका छन्: "यसकारण पश्चाताप गर्नुहोस् र फर्कनुहोस्, कि तपाईहरूका पाप मेटिऊन् र परमप्रभुको उपस्थितिबाट आनन्दको समय आओस्" (प्रेरित ३:१९) । तेस्रो, यूहन्नाले दण्डको डरलाई उल्लेख गरेका छन्:

> त्यही समय बप्तिष्मा दिने यूहन्ना यहूदियाको उजाउ-स्थानमा आए, र यसो भन्दै प्रचार गर्न लागे, "पश्चाताप गर किनभने स्वर्गको राज्य नजीक आएको छ ... अहिले नै रुखको फेदमा बन्चरो परिसकेको छ । यसकारण असल फल नफलाउने हरेक रुख काटी ढालिन्छ र आगोमा फालिन्छ" (मत्ती ३:१-१०) ।

परमेश्वरलाई खुसी पार्न पश्चाताप एक्लै मात्र यथेष्ट हुँदैन, तर पश्चातापले हामी भित्र समर्पणको आत्मा सृष्टि गर्दिन्छ । त्यस्तो आत्माले हामीलाई परमेश्वरका सबै आज्ञाहरू पालन गर्न बाध्य पार्नुहुन्छ जुन उहाँले ख्रीष्ट भीत्र आउनको निम्ति आवश्यक बनाउनुभएको छ। यसले कसैको जीवन परमेश्वरको इच्छा तर्फ खुला बनाइदिन्छ ।

भनिएको छ हाम्रा मुक्तिदाताको अन्तिम बचन महान आज्ञा थिएन तर एशियाका सात मध्ये पाँच मण्डलीलाई पश्चाताप गर्नको निम्ति उहाँले गर्नुभएको आव्हान थियो (प्रकाश १-३) । यदि तपाईले पश्चाताप गर्नु र परमेश्वरका पश्चातापी जनहरूकोरुपमा जीवन विताउन ख्रीष्टको शरीर भित्र प्रवेश गर्नुभएको छैन भने, योभन्दा तपाईको निम्ति ठूलो आवश्यक कुरा अरु कुनै छैन । यदि तपाई ख्रीष्टियान हुनुहुन्छ, एउटा नयाँ व्यक्तिकोरुपमा ख्रीष्टमा जीवन बिताइरहनुभएको छ भने, तपाईको सबैभन्दा ठूलो जिम्मेवारी भनेको तपाईले गर्नुभएको प्रतिज्ञा अनुसार जीवन बिताउनु हो ।

## अभ्यासका निम्ति प्रश्नहरू

(उत्तरहरू परिशिष्ठ १ मा छन्)

१. कसरी मृत्युले त्यो धनी मानिसको सोचाइलाई परिवर्तन गऱ्यो ?
२. ख्रीष्टियान हुन चाहने कुनै पनि व्यक्तिको निम्ति “पश्चाताप” किन एउटा कुने ढुङ्गो समानको शब्द र मूल प्रवृत्ति हो ?
३. पश्चाताप किन कुनै व्यक्तिले मैले पाप गरे भनेर गर्नेपछितोभन्दा बढी ठूलो कुरो हो ?
४. पश्चाताप किन ईश्वरीय शोक मात्र होइन वर्णन गर्नुहोस् ?
५. शाऊलको पविर्तनमाभएको पश्चातापलाई कसरी हेर्नुपर्दछ ?
६. किन पावलले थेसलोनिकीहरूलाई आज्ञा गरेका थिए ?
७. किन पश्चाताप पाप स्वीकार गर्नुभन्दा बढी हो ?
८. पश्चातापका निम्ति धर्मशास्त्रका तीन प्रेरणाहरू के-के हुन् ?

## गहन बाइबल अध्ययनका निम्ति केही सुझावहरू

**कसले पश्चाताप गर्नुपर्छ ?**–२ पत्रुस ३:९, प्रेरित १७:३०, ३१, लूका १३:३ ।

**नयाँ करारका पश्चातापका उदाहरणहरू**–हराएको छोरा (लूका १५:११-२४), जखायस (लूका १९:२-८) ।

**पश्चातापको मूल्य**–मत्ती १०:३४-३९, लूका १२:५१-५३ ।

**परिवर्तनका उदाहरणहरू**–प्रेरित २:३६-४७, ८:५, ६, १२, १८-२२, २६-३९, ९:१-१८, १०:१-४८, १६:१३-१५, २५-३४, १९:१-५ ।

**ख्रीष्टियान प्रभाव**–मत्ती ५:१३-१६, १ कोरिन्थी १५:३३ ।

**येशूले सबै मानिसहरूको निम्ति रगत बगाउनुभएको थियो**–मुक्ति आज्ञाकारीहरूलाई उपलब्ध गराइएको थियो (हिब्रू ९:११-१४), साँढे र बोकाहरूको रगतले पाप हरण गर्न असम्भव छ (हिब्रू १०:४), उहाँको रगतले हामीलाई उद्धार गर्दछ (१ पत्रुस १:१८, १९), येशूले सबैको निम्ति मृत्युको स्वाद चाख्नुभयो (हिब्रू २:९) ।

**जब हामीले क्रूसमा हेर्दछौ, हामीले थाहा पाँउछौ**–हामीलाई एउटा मुक्तिदाताको खाँचो छ (रोमी ३:२३, ५:१२), परमेश्वरले हामीलाई कति धेरै प्रेम गर्नुहुन्छ (यूहन्ना ३:१६), उनीहरू पापी भए तापनि येशूले मानिसहरूलाई प्रेम गर्नुहुन्छ (रोमी ५:८, ९), उद्धार परमेश्वरको वरदान हो (एफिसी २:८-१०) ।

**जब हामी बप्तिष्माद्वारा ख्रीष्टको रगतको सम्पर्कमा आउँदछौ उहाँको क्रूसमाभएको मृत्युले हामीलाई बचाउँदछ**–हामी बप्तिष्मामा उहाँसगै गाडिन्छौ (रोमी ६:३, ४), बप्तिष्माले बचाउँछ (१ पत्रुस ३:२१) ।

**सुसमाचारको आज्ञापालन गरेपछि तपाई कसरी ख्रीष्टियान भएर जीउन सक्नुहुन्छ ?**

१. आत्मिक बृद्धिको निम्ति एउटा ठूलो प्रतिवद्धता व्यक्त गर्नुहोस् । बढ्नको निम्ति सबै किसिमका प्रयत्न गर्नुहोस् (२ पत्रुस १:१-१०) बढ्ने योजना बनाउनुहोस् (फिलिप्पी ३:७-१५) ।

२. बाइबल पढ्नुहोस । वचनलाई ठीकसँग प्रयोग गरेर (२ तिमोथी २:१५) । ज्ञानमा बढ्दै जाऔ (२ पत्रुस ३:१८) । दिनहुँ धर्मशास्त्र अध्ययन गर्नुहोस् (प्रेरित १७:११) । वचनलाई नम्रताकासाथ ग्रहण गर्नुहोस् र त्यसलाई पालन गर्नुहोस् (याकूब १:२१-२५) ।

३. तपाईको जीवनमा ख्रीष्टियान अनुग्रहहरू थप्नुहोस् । विश्वास, नैतिकता, ज्ञान, आत्मसंयम, धैर्य, भक्ति, भातृस्नेह, र प्रेम थप्नुहोस् (२ पत्रुस १:५-७) ।

४. नियमित प्रार्थना गर्नुहोस् । बुद्धिको निम्ति (याकूब १:५, ६), निरन्तर प्रार्थना गर्नुहोस् (थेसलोनिकी ५:१७) ।

५. नियमित आराधना गर्नुहोस् (यदि संभव भए, अरु ख्रीष्टियानहरूसंग)। एकसाथ भेला हुन नछोडौं (हिब्रू १०:२५) । यदि तपाईको क्षेत्रमा मण्डली छैन भने, तपाईले आफ्नो घरमै सुरु गर्न सक्नुहुन्छ (परिशिष्ठ २ माभएको "बाइबलअनुसार एउटा झुण्डलाई कसरी संगठित गर्न सकिन्छ" भन्ने पाठ हेर्नुहोस्) । आत्मा र सत्यतामा आराधना गर्नुहोस् (यूहन्ना ४:२४) ।

६. अरुहरूलाई येशूबारेमा भन्नुहोस् । सक्नुहुन्छ भने प्रत्येकलाई सिकाउनुहोस् (मत्ती २८:१८-२०, मर्कूस १६:१५, १६) । यो पुस्तक साथीहरूलाई पनि दिनुहोस् र उनीहरूलाई ख्रीष्टियान हुन सहायता गर्नुहोस् ।

७. असल कामहरू गर्नुहोस् । येशूद्धारा उद्धार पाएकाहरू असल कामहरूको निम्ति सृष्टि गरिएका हुन्छन् (एफिसी २:१०) ।